आज मिति २०७७ साल श्रावण ०१ गते बिहिबार दिनको १:०० गते प्रमुख जिल्ला अधिकारी श्री मोहनराज जोशीज्यूको अध्यक्षतामा कोभिड-१९ रोकथाम तथा नियन्त्रण जिल्लास्तरीय समन्वय समिति (कोभिड-१९ कमाण्ड पोष्ट) को बैठक तपसिल बमोजिमका पदाधिकारीहरूको उपस्थितिमा देहायका निर्णयहरू गरियो।

**उपस्थिति:-**

प्र.जि.अ. श्री मोहनराज जोशी - अध्यक्ष
गुल्मपति सेनानी श्री महेश्वर सिल्वाल - सदस्य
प्रहरी नायक उपरीक्षक श्री नारायणप्रसाद अधिकारी - सदस्य
स.प्र.ना.उ. श्री अमित सिंह - सदस्य
प्र.अ.अ. श्री हिरण्ड बहादुर कुँवर - सदस्य
स.प्र.जि.अ. श्री लोकेन्द्र सिंह नेगी - सदस्य
नि.मे.सु. श्री डा. बसन्तराज जोशी - सदस्य
कार्यालय प्रमुख श्री योगेश प्रसाद भट्ट - सदस्य

**आमन्त्रित:-**

नगरप्रमुख श्री नरेन्द्र सिंह थापा
नि.प्र.प्र.अ. श्री विक्रम ब. चन्द

**निर्णयहरू:-**

१) आइसोलेसन कक्ष सम्बन्धमा।

निर्णय:- दशरथचन्द नगरपालिका मा अवस्थित जगन्नाथ क्याम्पसमा परीक्षा संचालन गर्ने निकट भविष्यमा पढाइ संचालन गर्नुपर्ने हुँदा खाली गरी डिस्इन्फेक्टेड गरिदिने भनी जगन्नाथ क्याम्पसबाट अनुरोध भइआएकोले विरेन्द्र मा.वि. शाहिलेक-को जिम्मामा रहेको आइ.टि. भवन खाली रहेकोले उक्त भवनमा आइसोलेसन कक्ष स्थापना गर्न पहल गर्ने साथै अन्य विकल्प-हरूको समेत खोजी गर्ने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बैतडी

आज मिति २०७७ साल श्रावण १४ गते बुधबार दिनको ३:०० बजे प्रमुख जिल्ला अधिकारी श्री मोहनराज जोशी ज्यूको अध्यक्षतामा जिल्लास्तरीय कोभिड-१९ संकट व्यवस्थापन केन्द्र (DCCMC) को बैठक तपसिल बमोजिमका पदाधिकारीहरुको उपस्थितिमा बसी देहायका निर्णयहरु गरियो।

उपस्थिति-

प्रमुख जिल्ला अधिकारी श्री मोहनराज जोशी - अध्यक्ष

प्रहरी नायब उपरीक्षक श्री नारायण प्रसाद अधिकारी - सदस्य
सशस्त्र प्रहरी नायब उपरीक्षक श्री अमित सिंह - सदस्य
प्रमुख अनुसन्धान अधिकृत श्री हिरण्ड बहादुर कुँवर - सदस्य
सहसेनानी श्री बलबहादुर देउबा - सदस्य
नि० मे० सु० डा० बसन्तराज जोशी - सदस्य
जनस्वास्थ्य अधिकृत श्री योगेश प्रसाद भट्ट - सदस्य
सहायक प्र० जि० अ० श्री लोकेन्द्र सिंह नेगी - सदस्य
नि. जिल्ला समन्वय अधिकारी श्री जगदिश प्रसाद तिवारी - सदस्य

विशेष उपस्थिति-

सल्लाहकार जि० स० स० प्रमुख श्री सिद्धराज भट्ट, जि.स.स. बैतडी
नगर प्रमुख श्री केशब बहादुर चन्द, पाटन न.पा., बैतडी
" उपाध्यक्ष श्री लिला कुमारी बिष्ट, सुर्नया गा.पा., बैतडी

निर्णयहरु-

१. मापदण्ड कार्यान्वयन गर्ने/गराउने सम्बन्धमा।

निर्णय- नेपाल सरकार, प्रदेश सरकार, सुदूरपश्चिम प्रदेश स्वास्थ्य निर्देशनालयबाट प्राप्त कोभिड-१९ नियन्त्रण र रोकथाम सम्बन्धी स्वास्थ्य मापदण्ड तथा प्रोटोकल, कार्यविधि, नीति र निर्देशनहरु अक्षरस: पालना गर्दै कार्यान्वयन गर्ने/गराउने।

नेपाल सरकार गृह मन्त्रालय जिल्ला प्रशासन कार्यालय बैतडी

२. खर्च विवरण उपलब्ध गराउने सम्बन्धमा ।

निर्णय -

सुदूरपश्चिम प्रदेश सरकारबाट स्थानीय तहलाई उपलब्ध गराईएको आइसोलेसन बेड निर्माण तथा राहत वितरण खर्चको विवरण हालसम्म प्राप्त नभएको भनी आन्तरिक मामिला तथा कानून मन्त्रालय सुदूरपश्चिम प्रदेशबाट अनुरोध भई आएको हुँदा सो बाफतको खर्चको विवरण प्रदेश सरकारलाई उपलब्ध गराई-दिन हुन स्थानीय तहहरुलाई अनुरोध गर्ने ।

३. कार्यक्रम संचालन सम्बन्धमा ।

निर्णय - नेपाल सरकार मन्त्रीपरिषद्बाट कोभिड - १९ रोकथाम तथा नियन्त्रण र प्रतिकार्यका लागि जारी भएको जनस्वास्थ्य मापदण्ड र सुरक्षा गर्ने, न्यूनतम सामाजिक दूरी कायम गरी आवतजावत र गतिविधि गर्ने तथा मास्क प्रयोग गरी घरबाहिर हिँडडुल गर्ने गराउने भनी भएको निर्णयको कार्यान्वयन गर्न सबै स्थानीय तह, संचारकर्मी र सर्वसाधारणलाई जानकारी गराउने, सूचना प्रसारण गर्ने/गराउने, उक्त निर्णयको उल्लंघन गर्नेलाई संक्रामक रोग ऐन, २०२० बमोजिम कारबाही गर्ने/गराउने, सुरक्षा निकायहरु र स्वास्थ्यकर्मीहरुको समन्वयात्मक रुपमा निर्णय कार्यान्वयन गराउन कार्ययोजना सहित कार्यक्रम संचालन गर्ने/गराउने ।

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
बैतडी